**17th of March 2025**

**मुख्य समाचार**

1. **भारतको शान्तिप्रतिको धारणा विश्वले ध्यानपूर्वक सुन्ने प्रधानमन्त्री मोदीको भनाई**
2. **प्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा रायसीना Dialogue 2025 को 10औँ संस्करण उद्घाटन गर्नुहुने**
3. **गृहमन्त्रीले गर्नुभयो पूर्वोत्तर राज्यहरूमा नयाँ आपराधिक कानुनहरूको कार्यान्वयनको समीक्षा**
4. **महाराष्ट्र विधान परिषको उपनिर्वाचन हुदै; पाँच सिटका लागि मतदान 27 मार्चमा हुने**
5. **राष्ट्रव्यापी खोप दिवस आज पालन भयो**

**अब समाचार विस्तारमा**

**भारतको शान्तिप्रतिको धारणा विश्वले ध्यानपूर्वक सुन्छ प्रधानमन्त्री मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले जोड दिँदै भन्नुभयो कि भारत जब शान्तिको कुरा गर्छ, तब विश्वले त्यसलाई ध्यानपूर्वक सुन्छ, किनकि भारत गौतम बुद्ध र महात्मा गान्धीको भूमि हो। एआई अनुसन्धानकर्ता र पोडकास्टर Lex Fridman सँगको अन्तर्वार्तामा प्रधानमन्त्री मोदीले भन्नुभयो कि"भारतीयहरू सद्भावमा विश्वास गर्छन् र सधैं शान्ति चाहन्छन्।
रूस-युक्रेन युद्धको विषयमा बोल्दै उहाले भन्नुभयो की, "यसको समाधान तब मात्र सम्भव छ, जब दुवै देश वार्ताका लागि तयार हुन्छन्।" प्रधानमन्त्री मोदीका अनुसार, अहिलेको परिस्थितिले रूस र युक्रेनबीच सार्थक वार्ताका लाग अवसर प्रदान गरेको छ।
भारत-चीन सम्बन्धको विषयमा पनि बोल्दै उहाले भन्नुभयो की यी दुई देशबीचको सम्बन्ध नयाँ होइन, बरु प्राचीन कालदेखि सांस्कृतिक र सभ्यतागत रूपमा जोडिएको छ। प्रधानमन्त्री मोदीका अनुसार, भारत र चीनले विगतमा विश्व कल्याणका लागि महत्वपूर्ण योगदान दिएका छन्, र भविष्यमा पनि यो सम्बन्धहरू सुदृढ रहनुपर्छ।

**प्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा रायसीना Dialogue 2025 को 10औँ संस्करण उद्घाटन गर्नुहुने**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा Raisina Dialogue 2025 को 10औँ संस्करणको उद्घाटन गर्नुहुने छ। उद्घाटन सत्रमा न्यूजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर Luxon प्रमुख अतिथिका रूपमा उपस्थित भएर उद्घाटन सम्बोधन पनि गर्नुहुने छ। तीन दिनसम्म चल्ने रायसीना dialogue कार्यक्रम 19 मार्चसम्म जारी रहनेछ। यस वर्षको मुख्य विषयवस्तु "कालचक्र – जनता, शान्ति र पृथ्वी" रहेको छ। कार्यक्रममा विश्वभरका नीति निर्माता र विश्लेषकहरूले प्रमुख विषयमा छलफल गर्नेछन्। ति विषयहरु मा "Politics Interrupted – Shifting Sands and Rising Tides", "Resolving the Green Trilemma: Who, Where, and How", तथा "Digital Planets – Agents, Agencies, and Absences" जस्ता विषय समावेश छन्। रायसीना डायलोग भारतको प्रमुख भू-राजनीतिक र भू-आर्थिक सम्मेलन हो, जसले विश्व समुदायका हालका चुनौतीहरू समाधान गर्ने उपायहरूमाथि मन्थन गर्दछ। यस वर्षको संस्करणमा लगभग 1 सय 25 देशका प्रतिनिधिहरू सहभागी हुनेछन्। साथै, 3 हजार 500 भन्दा बढी सहभागीहरू प्रत्यक्ष रूपमा dialogue मा सामेल हुनेछन्। कार्यक्रमको सम्पूर्ण कार्यवाही विभिन्न डिजिटल प्लेटफर्ममार्फत विश्वभर करोडौँ दर्शकहरूले हेर्न सक्नेछन्।

**केंद्रीय गृह मन्त्री अमित शाहद्वारा कोकराझारमा बोडोल्यान्ड क्षेत्रको विकासप्रति प्रतिबद्धता व्यक्त**

प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको केन्द्र सरकार बोडोल्यान्ड क्षेत्रको विकासका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको केंद्रीय गृह मन्त्री अमित शाहले बताउनु भएको छ। उहाले कोकराझार जिल्लाको डोटमामा आयोजित अखिल बोडो विद्यार्थी संघ (ABSU) को सनताउन औँ वार्षिक

सम्मेलनलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै बोडो सम्झौताका सबै प्रावधानहरू कार्यान्वयन गर्ने प्रतिज्ञा व्यक्त गर्नुभयो। गृह मन्त्री श्री शाहका अनुसार सम्झौताका ब्यासी प्रतिशत प्रावधानहरू पहिले नै पूरा गरिसकिएको छ, र बाँकी प्रावधानहरू आउँदो दुई वर्षभित्र कार्यान्वयन गरिने पनि उहाँले बताउनुभयो। यस अवसरमा, उहाले  दिल्लीमा चाँडै नै उपेन्द्र नाथ ब्रह्माको प्रतिमा स्थापना गरिने साथै दिल्लीको एक सडक उहाको नाममा राखिने घोषणा पनि गर्नुभयो। जानकारी गराईन्छ, उपेन्द्र नाथ ब्रह्मा एक सामाजिक कार्यकर्ता हुनुहुन्थ्यो र उहा अखिल बोडो विद्यार्थी संघका अध्यक्ष पनि हुनुहुन्थ्यो।

**रायसीना संवादमा सहभागी हुन विभिन्न देशका नेताहरू नयाँ दिल्ली पुग्दै**

रायसीना dialogue 2025 मा भाग लिन विभिन्न देशका नेताहरू नयाँ दिल्ली आइपुग्न थालेका छन्। सहमिल हुने नेताहरूमा क्युबाका उपप्रधानमन्त्री Eduardo Martininez  Diaz, घानाका विदेशमन्त्री samuel  akudzeto ablakwa,  लक्जमबर्गका उपप्रधानमन्त्री Xavier Bettel, र Slovenia की विदेशमन्त्री Tanja Fajin  रहेका छन्। यसबाहेक, पेरूका विदेशमन्त्री elmer शियालर selcedo र माल्दिभ्सका पूर्व राष्ट्रपति मोहम्मद नशीद पनि नयाँ दिल्ली आइपुगेका छन्।

**गृहमन्त्रीले गर्नुभयो पूर्वोत्तर राज्यहरूमा नयाँ आपराधिक कानुनहरूको कार्यान्वयनको समीक्षा**

केन्द्रिय गृहमन्त्री श्री अमित शाहले आज साँझ
गुवाहाटीमा पूर्वोत्तर राज्यका मुख्यमन्त्रीहरूसित
महत्त्वपूर्ण बैठक गरी तीन नयाँ आपाराधिक कानुनहरूको
कार्यन्वयनको समीक्षा गर्नुभयो। गत वर्ष 1 जुलाईदेखि
देशमा तीनवटा नयाँ आपाराधिक कानुनहरू भारतीय
न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता अनि
भारतीय साक्ष्य अधिनियम लागू भएका हुन्। बैठकमा
गृहमन्त्री श्री शाहले पूर्वोत्तर राज्यहरूमा यी नयाँ
कानुनहरूको कार्यन्वयनको प्रगतिबारे समीक्षा गर्नुभयो।
बैठकमा सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ,
असमका मुख्यमन्त्री श्री हेमन्त विश्व शर्मालगायत
मेघालय, मिजोरम, अरुणाचल प्रदेश, त्रिपुरा र
नागाल्याण्डका मुख्यमन्त्रीहरूको उपस्थिति रहेको थियो। बैठकमा सबै राज्यका मुख्यमन्त्रीहरूले तीनवटा नयाँ
आपाराधिक कानुनहरूको कार्यन्वयनको प्रगति विषय
प्रतिवेदन प्रस्तुत गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**महाराष्ट्र विधान परिषको उपनिर्वाचन हुदै; पाँच सिटका लागि मतदान 27 मार्चमा हुने**

महाराष्ट्र विधान परिषदका लागि आगामी 27 मार्चमा हुने उपनिर्वाचनका लागि भारतीय जनता पार्टी (भाजपा) ले तीन उम्मेदवारको नाम  घोषणा गरेको छ। गत नोभेम्बर 2024 मा भएको महाराष्ट्र विधानसभा चुनावमा पाँचजना विधान परिषद सदस्यहरू विधानसभा सदस्यमा निर्वाचित भएपछि उपनिर्वाचन आवश्यक भएको हो। ती पाँचमध्ये तीन जना भाजपा, एक जना शिवसेना र एक जना राष्ट्रवादी कांग्रेस पार्टी (NCP) का थिए। यी तीनै दल हाल महायुति गठबन्धन को हिस्सा हुन्, जसले महाराष्ट्र सरकार सञ्चालन गरिरहेको छ। यसै अनुरूप नामांकन दाखिला गर्ने

अन्तिम मिति: 17 मार्च रहेको छ र नामांकन छानबिन 18 मार्चमा हुने छ साथै नाम फिर्ता लिने समयसीमा 20 मार्च राखिएको छ भने मतदान र मतगणना एकै दिन अथवा 27 मार्चमा नै हुने भएको छ।

**भारतीय रिजर्भ बैंकलाई डिजिटल रूपान्तरण पुरस्कार 2025 प्रदान गरिएपछि प्रधानमन्त्री मोदीद्वारा प्रशंसा**

लन्डनस्थित सेंट्रल बैंकिङ संस्थाद्वारा भारतीय रिजर्भ बैंक (RBI) लाई डिजिटल रूपान्तरण पुरस्कार 2025 को लागि चयन गरिएकोमा प्रधानमन्त्री नरेन्द्र मोदीले प्रशंसा व्यक्त गर्नुभयो । यो उपलब्धिले भारतीय सरकार शासनमा नवीनता (Innovation) र दक्षता (Efficiency) प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको दर्शाउने प्रधानमन्त्री मोदी बताउनुभयो। उहाले थप भन्नुभयो कि डिजिटल नवीनता भारतको वित्तीय पारिस्थितिकी तन्त्रलाई निरन्तर सशक्त पार्दैछ र करोडौँ जनतालाई आर्थिक रूपमा सक्षम बनाइरहेको छ।

**आज राष्ट्रव्यापी खोप दिवस मनाइँदै**

आज देशभर राष्ट्रव्यापी खोप दिवस मनाइँदै छ। हरेक वर्ष 16 मार्चमा यो दिवस खोपको महत्त्वबारे जनचेतना फैलाउनका लागि मनाइन्छ। स्वास्थ्य मन्त्रालयले सामाजिक सञ्जालमार्फत खोप प्रत्येक बच्चाको स्वास्थ्य सुरक्षाका लागि अत्यावश्यक भएको बताएको छ। मन्त्रालयका अनुसार, राज्य सरकारहरू तथा अग्रपंक्तिमा कार्यरत स्वास्थ्यकर्मीहरूको सहयोगमा बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता बढाउने लक्ष्यसहित सरकार प्रतिबद्ध छ।

**मुख्य समाचार फेरि एकपल्टॉ**

1. **भारतको शान्तिप्रतिको धारणा विश्वले ध्यानपूर्वक सुन्ने प्रधानमन्त्री मोदीको भनाई**
2. **प्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा रायसीना Dialogue 2025 को 10औँ संस्करण उद्घाटन गर्नुहुने**
3. **गृहमन्त्रीले गर्नुभयो पूर्वोत्तर राज्यहरूमा नयाँ आपराधिक कानुनहरूको कार्यान्वयनको समीक्षा**
4. **महाराष्ट्र विधान परिषको उपनिर्वाचन हुदै; पाँच सिटका लागि मतदान 27 मार्चमा हुने**
5. **राष्ट्रव्यापी खोप दिवस आज पालन भयो**